'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १३५ शुक्रबार २६ पुष, २०८१ 10 (Friday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### मिलेमतोमा कांग्रेस सांसदद्वय चौधरी र शर्मालाई परियोजना

## सरकारी स्वामित्वका जलविद्युत् आयोजना विनासर्त सुम्पिने प्रपञ्च

■ नमस्ते समचारदाता

मुगु, पुष/२५



सरकारी स्वामित्वको विद्युत् उत्पादन कम्पनी लिमिटेड (भियुसिएल) प्रवर्द्धक रहेको १ हजार ९०२ मेगावाटको मुगु-कर्णाली जलाशययुक्त जलविद्युत् आयोजनाको बहुमत सेयरका लागि कांग्रेस सांसद विनोद चौधरीको चौधरी ग्रुप अन्तर्गतको सिजी इनर्गो प्रालिको मात्रै आवेदन परेको छ। त्यस्तै, ४५४ मेगावाटको किमाथांका-अरुण अर्धजलाशययुक्त परियोजनाको बहुमत सेयरका लागि पनि कांग्रेस सांसद डा. सुनील शर्माको नोबल ग्रुप अफ हाइड्रो इनर्जी प्रालि सहित पाँच कम्पनीको प्रस्ताव परेको छ। तर यसमा पनि काँग्रेसका नेताहरुको मिलेमतोमा काँग्रेसी सांसद सुनिल शर्माको नोबल ग्रुप अफ हाइड्रो इनर्जी प्रालि सुम्पिने भित्र भित्रै खेलहरु भएका छन् । 'सरकारी स्वामित्वको कम्पनी प्रवर्द्धक रहेका दुई ठुला जलविद्युत् परियोजना विनासर्त व्यापारिक घरानालाई सुम्पिने प्रपञ्चले देख्न सकिने जानकारहरु प्रतिक्रिया दिइरहेका छन् । ऊर्जा मन्त्रालय सत्तासाझेदार कांग्रेसकै नेतृत्वमा छ । आयोजनाको व्यवस्थापन नै निजी क्षेत्रको स्वामित्वमा जाने गरी ५१ प्रतिशत सेयर विनासर्त सत्तानिकट व्यापारिक घरानालाई सुम्पिन लागिएको चलखेललाई टेन्डरमा परेका आवेदनले थप पुष्टि गरेको छ । भियुसिएलले शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रमा लगानी भएका सेयरधनी तथा कम्पनीलाई प्राथमिकता दिने गरी सर्त तोकेर ८ पुससम्मको म्याद दिई २३ मंसिरमा प्रस्ताव आह्वान गरेको थियो। प्रस्ताव गर्ने कम्पनीहरूको प्राविधिक मूल्यांकन गर्दा स्वार्थ समूहलाई प्राथमिकतामा राख्दै ऊर्जा क्षेत्रकै कम्पनीलाई पाँच, शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रको कम्पनीलाई चार र त्यसबाहेकका क्षेत्रबाट आउने कम्पनीलाई तीन अंक तोकेर आवेदन मागेको थियो । तर, सुरुको म्यादमा प्रस्ताव नै नपरेपछि १५ दिन थपेर २३ पुसम्म(मंगलबार)को समय दिएकोमा प्राप्त आवेदन स्वार्थ बाझिने गरी आएको देखिन्छ । भियुसिएलका सूचना अधिकारी नवीन पौडेलले भने, 'मुगु-कर्णालीमा एक मात्र र किमाथांका-अरुणका लागि पाँच कम्पनीको आवेदन परेको छ। सिइओ बखतबहादुर शाहीको संयोजकत्वमा मूल्यांकन समिति छ । प्राप्त प्रस्तावहरू मूल्यांकन समितिले बुझिसकेको छ । अब समितिले प्राविधिक मूल्यांकनको काम गरेर छनोटका लागि सिफारिस गर्नेछ। तीन महिनाभित्र सिफारिस गरिसक्नुपर्ने प्रावधान अनुसार समितिले काम गर्नेछ ।' मुगु-कर्णालीमा चौधरी ग्रुप अन्तर्गतको सिजी इनर्गोको मात्रै आवेदन पर्नु संयोग मात्रै होइन । चौधरी ग्रुप कांग्रेस सांसद विनोद चौधरीको हो । स्रोतका अनुसार चौधरी ग्रुपले यो आयोजनाको सेयर खरिद गरेर विदेशी साझेदार समेत भित्र्याउने योजना बनाएको छ । प्रस्ताव आह्वानका क्रममा बुद्धनगर स्थित भियुसिएल कार्यालयमा चौधरी समूह र भारतको अडानी समूहका प्रतिनिधि पुगेको स्रोत बताउँछ । दुवै पक्षले परियोजनामा चासो राखेका थिए । भियुसिएलले सेयरका लागि आह्वान गरेको आवेदनमा तोकिदिएको प्राथमिकताको समेत लाभ लिएर मुग-कर्णालीको बहुमत सेयर अब चौधरी ग्रुपको सिजी इनर्गोले पाउने निश्चित जस्तै छ । प्रतिस्पर्धी नै कोही नभएकाले प्राविधिक मूल्यांकनमा पास भए उसले सेयर प्राप्त गर्छ । चौधरी ग्रुपले शिक्षा, स्वास्थ्य लगायत क्षेत्रमा लगानी गर्दै आएको छ। ***बाँकी ३ पेजमा...***

## चिसोको कारण पठनपाठन बन्द

■ नमस्ते समचारदाता

हुम्ला, पुष/२५



हिमाली जिल्ला हुम्लाका सामुदायिक र निजी विद्यालयहरू वार्षिक परीक्षा सम्पन्न गरेर बन्द गरिएका छन् । जिल्लाका सात वटै स्थानीय तहमा रहेका विद्यालयले वार्षिक परीक्षा सम्पन्न भएपछि हिउँदे विदा दिएका हुन् । हिमाली जिल्लाहरुमा यतिबेला हुँउ परेर अत्याधिक चिसो बढेको छ । चिसोमा बालबच्चाहरु विद्यालय आउदाजाँदा बिमारी हुने भएका कारणले पनि जिल्लाभरका सबै विद्यालयहरुमा पठनपाठन बन्द गरिएको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख योगेश आलेमगरले बताए । पुस तेस्रो साताबाट बन्द भएका विद्यालय अब फागुन २ गतेबाट सञ्चालनमा आउनेछन् । हिउँदमा अत्याधिक चिसो हुने भएको कारण हुम्ला लगायत साविकका कर्णालीका हिमाली जिल्लामा नेपाल सरकारले हिउँदे विदा दिँदै आएको छ । जिल्लामा डेढ महिनामा हिउँदे विदा हुन्छ । वार्षिक परीक्षा सम्पन्न गरेर हिउँदे विदामा रहेका जिल्लाका सबै विद्यालयमा अब फागुन दुई गतेदेखि नयाँ शैक्षिक सत्र सञ्चालनमा आउने छ। जिल्लाका सात वटा स्थानीय तहका एक सय ५१ विद्यालयले वार्षिक परीक्षा सकेर विदा दिइएको छ । जिल्लामा एक सय ४५ सामुदायिक, एउटा धार्मिक र पाँच संस्थागत विद्यालय रहेका छन् । सात गाउँपालिका मध्ये नाम्खा गाउँपालिकामा १४ सामुदायिक, एक निजी गरी १५, सिमकोटमा २१ सामदुदायिक चार निजी गरी २५, खार्पुनाथमा १७ सामुदायिक, सर्केगाडमा ३२ सामुदायिक, एक निजी गरी ३३, चंखेलीमा २४ सामदायिक, अदानचुलीमा २० र ताँजाकोटमा १७ सामुदायिक विद्यालय रहेका छन् । सामुदायिक र निजी गरी १५१ विद्यालय रहेका छन् । जिल्लाका सवै विद्यालयमा सत्र हजार भन्दा बढी विधार्थीहरु अध्ययन गर्दै आएका छन् ।

## दुई छोरीको हत्या आफैँले गरेको आमाको स्वीकार

■ नमस्ते समचारदाता

सल्यान, पुष/२५



सल्यानको बनगाड कुपिन्डे नगरपालिकामा आमाले नै आफ्ना दुई छोरीको हत्या गरेको खुलेको छ । बुधबार बिहान करिब ११ बजेतिर बनगाड कुपिन्ड- १ गोलगौलमा घरमा मृत भेटिएका दुई दिदीबहिनीको हत्या आमाले गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। २६ वर्षीया पूर्णिमा रानाले प्रारम्भिक अनुसन्धानका क्रममा आफूले दुई छोरीको हत्या गरेको स्वीकार गरे पनि हत्याको कारण भने खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक केशर कुमार न्यौपानेले जानकारी दिए। सोधपुछका क्रममा श्रीमानसँग समय समयमा विवाद भएका कारण छोरीहरूको हत्या गरेको बताए पनि श्रीमान् कामको सिलसिलामा जिल्ला बाहिर भएकाले फोनमा भएको विवादलाई मात्र मुख्य कारण मान्न नसकिने उनको भनाइ छ । घटना भएको दिन समेत श्रीमानलाई फोन गरेको वा आएको मोबाइलमा नदेखिएको न्यौपानेले जानकारी दिए । घटनापछि श्रीमान् जिल्ला आउँदै गरेको र उनीसँग पनि थप सोधपुछपछि घटनाको वास्तविकता पत्ता लाग्ने उनले बताए । बुधबार बिहान तीन वर्षीया करिश्मा र ६ महिनाकी राघवी आफ्नै घरमा मृत फेला परेका थिए । आमालाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीको भनाइ छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
namastekarnali2068@gmail.com
namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## सहकारी अध्यादेशले बचतकर्ताको रकम फिर्ता अन्यौलमा

सरकारले सहकारीपीडितको समस्या समाधान गर्ने भन्दै १४ पुसमा सहकारी ऐन, २०७४ लाई संशोधन गर्न जारी गरेको अध्यादेशमा संगठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरसँग सम्बन्धित मुद्दामा मिलापत्र गर्न नसकिने व्यवस्था गरेको छ। अध्यादेशमा यस्तो व्यवस्था यसकारण राखियो कि सूर्यदर्शन र स्वर्णलक्ष्मीमा सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणको समेत मुद्दा चलाइएको छ। सूर्यदर्शनको मुद्दामा कास्की जिल्ला अदालतमा थुनछेक बहस सकिएर आदेश आउन बाँकी छ भने स्वर्णलक्ष्मीको मुद्दा जिल्ला अदालत काठमाडौंमा दर्ता भएको छ। अन्य तीन सहकारीमा पनि प्रहरीले संगठित अपराध र सम्पत्ति शुद्धीकरणअन्तर्गत अनुसन्धान गरिरहेको छ । पीडितसँग मिलापत्र गरेर रवि कतै छुट्ने हो कि भन्ने डरले वैकल्पिक बाटो पनि बन्द गर्ने नाममा सरकारले बचतकर्ताको रकम फिर्ता नै अनिश्चित बनाइदिएको छ। संसदीय छानबिन समितिले तीन महिनाभित्र सहकारी प्राधिकरण गठन गरेर पाँच लाख रुपैयाँसम्मका साना बचतकर्ताको रकम तत्काल फिर्ताका लागि आन्तरिक ऋण प्रवाह गर्नलगायतका निर्देशन ३० भदौमै दिएको थियो। तर, समितिको निर्देशन कार्यान्वयनका लागि भन्दै अध्यादेश ल्याएको सरकारले उल्टै रविलाई 'ठेगान' लगाउने नाममा साना बचतकर्तामाथि अन्याय हुने बाटो तय गरेको छ। अध्यादेशको दफा १३१ मा अदालतमा विचाराधीन रहेको मुद्दामा पनि दुई पक्षको मन्जुरी भए मिलापत्र गर्न सकिने भनिए पनि सोही दफाको उपदफा २ मा संगठित अपराध, सम्पत्ति शुद्धीकरण र अन्य फौजदारी कसुरसँग सम्बन्धित मुद्दामा भने मिलापत्र गर्न नसकिने भनिएको छ। अध्यादेशको यही उपदफा २ रवि जोडिएका पाँच सहकारीका ५१ हजार ८४७ बचतकर्ताको सात अर्ब ३३ करोड ७८ लाख ३६ हजार फिर्तामा पर्खाल बनेको छ । 'अदालतमा विचाराधीन रहेको मुद्दा वा प्रचलित कानुनबमोजिम मिलापत्र गर्न सकिने बचत रकम वा हिनामिना भएको बचत रकम फिर्ता गरेकाले मिलापत्र गराइपाऊँ भनी निवेदन दिएमा मिलापत्र हुन सक्नेछ,' दफा १३१ को उपदफा १ मा भनिएको छ । तर, लगत्तै उपदफा २ मा भनिएको छ, 'उपदफा १ मा जस्तोसुकै कुरा लेखिएको भए पनि प्रचलित कानुनबमोजिम मिलापत्र हुन नसक्ने संगठित अपराध, सम्पत्ति शुद्धीकरण र अन्य फौजदारी कसुरसँग सम्बन्धित मुद्दामा मिलापत्र गर्न सकिनेछैन।'

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# कृषिमा आधुनिकीकरण



**के.बी. बस्नेत**



मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने व्यवसाय कृषि हो। नेपालको झन्डै दुई तिहाइ जनता आजसम्म कृषि व्यवसायमा आश्रित छन् । नेपालको कुल गार्हस्थ्य उत्पादनमा उक्त व्यवसायको योगदान अन्दाजी २७ प्रतिशत छ भने आर्थिक वृद्धिदरमा ३२ प्रतिशत छ । यहाँ झन्डै २३ दशमलव पाँच प्रतिशतको रोजगारी पनि उक्त व्यवसायले दिएको छ। तर, केही वर्षयता विभिन्न कारणले गर्दा यहाँको कुल गार्हस्थ्य उत्पादनमा उक्त व्यवसायको योगदान क्रमशः घट्दैछ। कृषिमा आधुनिकीकरण गर्न सके भविष्यमा यसमा सुधार हुने सम्भावना छ। आज विश्वभरि जनसंख्या वृद्धि भई आठ अर्ब नाघेको छ । यो जनभारलाई भरणपोषण गर्नका लागि कृषि विकासबाहेक अर्को विकल्प छैन । यसको लागि कुनै जमिनमा कस्तो किसिमको माटो छ सो जाँचेर मात्र कृषि कर्म गर्न उपयुक्त हुनेछ । यसो गर्न सकेमा कुनै पनि कृषि उत्पादन अपेक्षा गरेअनुरूप वृद्धि गर्न सकिन्छ । सर्वप्रथम त प्रत्येक कृषकलाई खाद्यान्न बाली, तरकारी बाली, फलफूल बाली र अन्य बालीहरूको लागि कस्तो किसिमको माटोको आवश्यकता हुन्छ सो को जानकारी हुनुपर्छ । त्यसपछि उपयुक्त माटोमा उपयुक्त बालीको खेती गरेमा कृषि उत्पादन तथा उत्पादकत्व बढाउन सकिन्छ। जसबाट कुनै पनि देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ। नेपालको झन्डै २९ लाख हेक्टर खेतीयोग्य जग्गाको माटोका डिजिटल नक्सांकन गर्दा ५० देखि ५५ प्रतिशत अम्लीय प्रकृतिको, ४ देखि ५ प्रतिशत क्षारीय र ४० प्रतिशत तटस्थ प्रकृतिको छ । निःसन्देह यो तथ्यांकहरूबाट यहाँको माटोको उर्वराशक्ति सन्तोषजनक नभएको प्रस्ट हुन्छ । विगतमा रासायनिक मलको अत्यधिक प्रयोग, पीएच भ्यालुमा विद्यमान गिरावट, पोटास तत्त्वमा विद्यमान कमी आदि कारणहरूले यहाँको माटोको उर्वराशक्ति घट्दै गएको कुरा यहाँको कृषि विभागद्वारा प्रकाशित एक तथ्यांकले इंगित गरेको छ। यसबाट यहाँको कृषि उत्पादनमा नकारात्मक प्रभाव पर्ने कुरा निश्चित भएकोले यथाशीघ्र सुधार गर्न आवश्यक छ। वस्तुतः प्रांगारिक मलको उपयुक्त प्रयोगले कुनै पनि ठाउँको माटोको उर्वराशक्तिमा सकारात्मक प्रभाव पर्छ। परन्तु, यहाँको खेतीयोग्य जमिनको ४० देखि ४५ प्रतिशत माटोमा प्रांगारिक मलको अंश न्यून, ४० प्रतिशतमा मध्यम र १५ प्रतिशतमा अत्यधिक देखिएको कुरा एक आधिकारिक तथ्यांकले प्रष्ट पारेको छ। भविष्यमा यहाँको माटोको उर्वराशक्ति क्रमशःघट्दै गई कृषि प्रणालीमा नै संकट नआउँला भन्न सकिँदैन। त्यसैले यस सम्बन्धमा यथाशीघ्र ध्यान दिन आवश्यक छ। नेपाल दक्षिण एसियाकै पहिलो देश हुने गरी डिजिटल नक्सा तयार गर्न समेत सफल भएको दाबी सम्बन्धित क्षेत्रले गरेको छ। यसमा हालसम्म ५७ जिल्लाबाट लगभग २३ हजार २ सय ७३ वटा माटोको नमुना परीक्षण गरी नक्सांकन गरिएको एकातिर छ भने अर्कोतिर कृषकहरूले सम्बन्धित साइटहरूमा गई आ–आफ्नो जग्गाको रासायनिक पक्षबारे विस्तृत जानकारी पाउन सक्छन् । समाजका हरेक क्षेत्रमा आधुनिकीकरणले प्रवेश पाएसँगै कृषिमा पनि आधुनिक प्रविधि वा उपकरणको प्रयोग आवश्यक छ । यसले प्रत्येकका कृषिमा लगानी गर्ने आत्मबल बढ्छ । नेपालमा हालसम्म पनि माटो परीक्षण गरी खेती गर्ने प्रचलन कम छ । त्यसैले हालसम्म पनि यहाँका अधिकांश कृषकहरूमा पुर्खाले जे गरे, त्यही गर्ने प्रवृत्ति छ । तर, नयाँ सुविधा प्रयोग गर्नाले प्रत्येक कृषकले सम्बन्धित वेवसाइटमार्फत माटोको रासायनिक पक्षबारे विस्तृत जानकारी लिएर त्यसअनुसार खेती गर्न सक्ने भएकाले विगतको अभ्यासमा परिवर्तन गर्न यो प्रविधि सहायक हुनेछ । उक्त नक्सांकन कृषकहरूको लागि उपयोगी हुने देखिए पनि कृषि क्षेत्रका नीति निर्माता, अनुसन्धानकर्ता, कृषि प्राविधिक, कृषि उद्यमी आदिलाई पनि प्रत्यक्ष वा परोक्ष रूपमा फाइदा हुनेछ। जुन कुरा विकसित देशहरूको अनुभवबाट प्रष्ट भएको छ । वस्तुतः कुन बालीका लागि कस्तो माटो उपयुक्त हुन्छ भन्ने कुराको जानकारीबिना गरिएको खेतीबाट अपेक्षित खेती नहुने भएकाले माटोसम्बन्धी डिजिटल नक्सा तयार गरी सार्वजनिक गरिएको छ। वर्तमान समयमा नेपाल कृषि युगको नयाँ चरणमा प्रवेश गरेको छ । त्यसैले आम कृषकले डिजिटल नक्साबारे सहज जानकारी लिई अधिकतम फाइदा पाउन सक्ने गरी सम्बन्धित पक्षबाट व्यवस्था मिलाउन आवश्यक छ। उक्त डिजिटल नक्सा चार वर्ष लगाएर तयार गरिएको हो । सार्क क्षेत्रको सबैभन्दा ठूलो देश भारतमा समेत उक्त नक्सा तयार गर्न सकिएको छैन । उक्त नक्सा कार्यान्वयन गर्ने सार्क क्षेत्रका देशहरूमध्ये नेपाल नै पहिलो हुनेछ । उक्त नक्सामार्फत माटोको उर्वराशक्ति, अम्लीयपन, प्रांगारिक पदार्थको मात्रा, माटोका बनावट, आदि गुणहरूको बारेमा कृषकहरूले सहजै जानकारी पाउने छन् । योबाहेक कृषकहरूले आफ्नो जग्गामा उत्पादन हुने बाली, प्रयोग गर्ने मलको मात्रा, माटो सुधार गर्ने तरिकालगायतको विषयहरूमा पनि निर्णय लिन सक्नेछन् । विद्यमान माटो व्यवस्थापनका लागि उक्त डिजिटल नक्सा कोसेढुंगा सावित हुने दाबी सम्बन्धित क्षेत्रले गरेको छ । वास्तवमा विद्युतीय माध्यमबाट तत्कालै जानकारी पाइने भएकाले यस्ता प्रविधि र सुविधामा कृषकहरूलाई अभ्यस्त बनाउनुपर्ने पहिलो चुनौती छ । यस्ता सुविधा प्राज्ञिक अनुसन्धानमा भन्दा कृषकहरूले व्यवहारमा उतार्न सक्ने गरी विकास एवं विस्तार गर्न सके बढी फाइदा हुनेछ। किनभने यसबाट कृषि उत्पादनमा सकारात्मक प्रभाव पर्नेछ। उक्त नक्साको प्रयोगबाट विभिन्न किसिमका फाइदा लिन सकिन्छ । जसको लागि सरकारी तथा निजी क्षेत्रको सक्रिय सहयोग हुनुपर्छ । वास्तवमा बढी कृषि उत्पादनका लागि माटोको गुणअनुसार बाली लगाउने काम गर्नुपर्छ। योबाहेक रासायनिक मलको प्रयोग पनि माटोको गुण पहिचान गरेपछि मात्र प्रयोग गर्न उचित हुन्छ । तर नेपालको कृषकहरूलाई यससम्बन्धी राम्रो ज्ञान नभएकोले हालसम्म पनि उनीहरू परम्परागत खेती गर्दै भएकाले आशा गरेअनुरूप फाइदा लिन सकेका छैनन् । यहाँ कुन मौसममा के बाली लगाउने, कहाँ कति रासायनिक मल प्रयोग गर्ने आदि कुरा माटोको गुणस्तरले इंगित गर्न देशभर नै विद्युतीय नक्सांकनको आवश्यकता छ । उक्त नक्सा तयार भएपछि सरकारलाई पनि माटोको गुणस्तर अनुसार सिफारिस गर्न सजिलो हुनेछ। यसैगरी, कृषकहरूलाई पनि विभिन्न बाली लगाउन छुट्टै माटो जँचाउन आवश्यक पर्दैन । जुन सर्वसाधारणको लागि सहज हुनेछ । उक्त विद्युतीय नक्साबाट माटोमा रहेको नाइट्रोजन, फस्फोरस, पोटास, अर्गानिक पदार्थ, पीएच, जिंक, बोरोनबारे सजिलै जानकारी लिन सकिन्छ। जसले गर्दा कृषकहरूलाई विभिन्न बाली लगाउन सहज हुनेछ । कम्प्युटर वा मोबाइल एप्सबाट आफ्नो खेतबारीको माटोको बारेमा एकीकृत जानकारी कृषकलाई दिनु जरुरी छ। यसको साथै विभिन्न स्रोतहरूबाट संकलित माटोको सूचनाको आधारमा हरेक दुई वर्षमा डेटाबेसलाई अध्यावधिक गर्न नितान्त आवश्यक छ । जसबाट भविष्यमा कृषकहरूले बढी फाइदा लिन सक्छन् र कृषि उत्पादन वृद्धिमा पनि सकारात्मक प्रभाव पर्नेछ । जलवायु परिवर्तनको कारण विश्वको कृषि क्षेत्रमा नकारात्मक प्रभाव परेको छ । कुनै ठाउँमा अनावृष्टि भई जग्गा सुक्खा हुनाले कृषि उत्पादन गर्न नसकिने अवस्था सिर्जना भएको छ भने कुनै ठाउँमा अतिवृष्टि भई उर्वर माटो बगाउनाले कृषि उत्पादनहरू न्यून हुन थालेका छन्। नेपालमा पनि जनसंख्या वृद्धिको तुलनामा कृषि उत्पादन बढाउन सकिएको छैन। अतः यहाँ भोकभरीको समस्या दिनदिनै बढिरहेको छ ।

*–अन्नपूर्ण*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

# सुरक्षा गार्डका भरमा राष्ट्रिय मानव अधिकार आयोग

नमस्ते समचारदाता
जुम्ला, पुष/२५




जिल्ला समन्वय समितिको पुरानो एक भवनमा राष्ट्रिय मानव अधिकार आयोगको जुम्ला कार्यालय छ। पुरानो अक्षर मेटिन लागेको बोर्ड टाँसेको कार्यालयअगाडि बोराले ढाकिएको एक मोटरसाइकल छ। कार्यालयको ढोकामा टोलाएर बसिरहनुभएकी कल्पना महातारा सुरक्षा गार्डका रूपमा हुनुहुन्छ। राष्ट्रिय मानव अधिकार आयोग जुम्लाको कार्य अधिकार कटौती गरेपछि पाँच महिनादेखि जुम्ला शाखा सुरक्षागार्डको भरमा रहेको छ। जुम्लामा रहेको लेखा व्यवस्थापन प्रणाली सुर्खेत सरेपछि झन्डै एक वर्षपछि एक जना अधिकृत र एक जना सुरक्षा गार्ड जुम्लाका कार्यालयमा राखिएका थिए तर गत भदौ महिनामा शाखा अधिकृतको समेत सरुवा भएपछि जुम्ला कार्यालय सुरक्षा गार्डको भरमा छ। आयोगको कामकाज पनि सोही बेलादेखि बन्द भएको छ। आयोगले तत्कालीन निमित्त कार्यालय प्रमुखको जिम्मेवारी पाएका शाखा अधिकृत धनराज शाहीको गत भदौमा नेपालगन्ज सरुवा गरेपछि त्यसपछि जुम्ला कार्यालयमा जनशक्ति पठाइएको छैन। सुरक्षा गार्ड कल्पना महतारा भने बिहान १० बजे कार्यालय खोल्नुहुन्छ तर काम हुँदैन। राष्ट्रिय मानव अधिकार आयोगले साबिक कर्णालीमा कार्यालय नै खोलेर काम गरिरहेको समयमा अहिले अधिकार कटौती गरेर भएको जनशक्ति हटाएपछि सेवाग्राही प्रभावित भएको स्थानीय सरोकार वाला निकायको गुनासो बढ्दै गएको छ। पहिले उपसचिवसहित चार जना शाखा अधिकृतसहित एक दर्जनभन्दा बढी कर्मचारी भएको कार्यालयलाई सुर्खेत सारिएकोप्रति स्थानीय नागरिक अगुवा संस्था, सरोकारवाला निकाय र जनप्रतिनिधिले जुम्ला कार्यालयलाई नखुम्चाई साबिक जनशक्ति र अधिकारसहित स्थापित गर्न अनुरोध गरेका छन्। जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले मानव अधिकार आयोगको भाडा समेत कटौती भएपछि आयोगको अनुरोधमा जिल्ला समन्वय समितिभित्रको एक घरमा कार्यालय राखिएको बताउनुभयो। अहिले पाँच महिनादेखि एक जना अधिकृतसमेत सरुवा गरेपछि कुनै सुनुवाइ नभएको उहाँले बताउनुभयो। नागरिक समाज, पत्रकार महासङ्घसहित निकायका साथै सांसद कान्तिका सेजुवाल, संविधान सभा सदस्य नरेश भण्डारीलाई पटक पटक ध्यानाकर्षण गराइएको छ तर सम्बोधन हुन नसकेको उहाँले बताउनुभयो। राष्ट्रिय मानव अधिकार आयोग जुम्ला शाखाका सुरक्षा गार्ड कल्पना महताराले कार्यालय सुर्खेतमार्फत चलेको बताउनुभयो। उहाँले भन्नुभयो, "म सामान कुरेर बसेकी छु। कार्यालय समयमा ढोका खोल्ने र बन्द गर्ने काम मात्रै गर्छु।" गुनासो बोकेर आएका नागरिकलाई आफूले कर्मचारी छैनन् भनेर फर्काउने गरेको बताउनुभयो। राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयका प्रवक्ता डा. टीकाराम पोखरेल जुम्लाको मानव अधिकार आयोगको कार्यालय सञ्चालनका लागि अर्थ मन्त्रालयमा लेखी पठाएको जानकारी दिनुभयो। जुम्लाको कार्यालय सञ्चालनका निम्ति पहल गरिरहेको भन्दै उहाँले जुम्लामा रहेको कार्यालय हटाउने कुनै योजना नभएको जनाउनुभयो।

# लागूऔषधसहित पाँच पक्राउ



नमस्ते समचारदाता
कैलाली, पुष/२५

कैलाली प्रहरीले लागूऔषध खैरो हेरोइनसहित पाँच जनालाई पक्राउ गरेको छ। धनगढीको विभिन्न ठाउँबाट उनीहरुलाई पक्राउ गरिएको हो। पक्राउ पर्नेमा कञ्चनपुरको भीमदत्त नगरपालिका-१० का २६ वर्षीय तपेन्द्र पाली, वडा नम्बर ९ का २५ वर्षीय महेश ओड, वडा नम्बर १८ का २७ वर्षीय नवल बोहरा रहेका छन्। यसैगरी, प्रहरीले धनगढी उपमहानगरपालिका-९ बंगराकटानका २६ वर्षीय डम्बर ठगुन्ना र धनगढी उपमहानगर पालिका-१ शिवनगरका १९ वर्षीय सुरज थापालाई पनि पक्राउ गरेको छ। पक्राउ परेकाहरुका साथबाट दुई ग्राम ९० मिलिग्राम खैरो हेरोइन बरामद भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कविन्द्रसिंह बोहराले जानकारी दिनुभयो। पक्राउ परेका पाँचै जनालाई हिरासतमा राखेर थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।

## सरकारी...

यी क्षेत्रमा लगानी गरेका कम्पनीलाई भियुसिएलले प्राविधिक मूल्यांकनमा चार अंक दिने जनाइसकेको छ। भियुसिएलका सूचना अधिकारी नवीन पौडेलले अब मूल्यांकन समितिले प्राप्त प्रस्तावहरूको प्राविधिक मूल्यांकन गरी छनोटका लागि सिफारिस गर्ने बताए। 'सिइओको संयोजकत्वमा मूल्यांकन समिति छ। प्राप्त प्रस्तावहरू मूल्यांकन समितिले बुझिसकेको छ। अब समितिले प्राविधिक मूल्यांकनको काम गरेर छनोटका लागि सिफारिस गर्नेछ,' पौडेलले भने। भियुसिएलका सिइओ बखतबहादुर शाही छन्। किमाथांका-अरुणमा पाँच कम्पनीले लगानीका लागि प्रस्ताव पेस गरेका छन्। सूचना अधिकारी पौडेलका अनुसार किमाथांका-अरुणका लागि नोबेल ग्रुप अफ हाइड्रो इनर्जी प्रालि, बेला नेपाल इन्डस्ट्रिज प्रालि, भिजन इनर्जी एन्ड पावर लिमिटेड, एनजे हाइड्रो इनर्जी प्रालि र अनक हाइड्रो पावर कम्पनी प्रालिले प्रस्ताव पेस गरेका छन्। नोबेल ग्रुप अफ हाइड्रो इनर्जी कांग्रेस सांसद डा. सुनील शर्माको कम्पनी हो। शर्मा पनि शिक्षा र स्वास्थ्यमा ठुलो लगानी गरेका व्यवसायी हुन्। उनले काठमाडौंमा केएमसी र विराटनगरमा नोबेल मेडिकल कलेज तथा टिचिङ हस्पिटल सञ्चालन गरेका छन्। ऊर्जाबाहेक शिक्षा, स्वास्थ्य र पर्यटनमा लगानी रहेका कम्पनीलाई प्राविधिक मूल्यांकनमा चार र अन्यलाई तीन नम्बर दिने भनेर भियुसिएलले आवेदनका क्रममै सर्त तोकेको थियो। यसरी ऊर्जा परियोजनाका लागि पर्यटन, शिक्षा र स्वास्थ्यसम्बन्धी सर्त उल्लेख गर्नु नै शंकास्पद थियो। मुगु-कर्णालीको चार खर्ब ६० अर्ब गरी दुई परियोजनाको लागत अनुमान पाँच खर्ब ५३ अर्ब ८० करोड गरिएको छ। अब छनोट हुने कम्पनी र भियुसिएलको संयुक्त लगानीको कम्पनी स्थापना गरिनेछ। त्यसपछि सोही कम्पनीले नै परियोजना निर्माणको काम अघि बढाउनेछ। जोइन्ट भेन्चर कम्पनीमा छनोट हुने कम्पनीको न्यूनतम ५१ प्रतिशत र बाँकी भियुसिएलको सेयर लगानी हुनेछ।

# भारतले 'आइएसआई' नवीकरण नगर्दा सिमेन्ट निर्यात रोकियो

नमस्ते समचारदाता
बुटवल, पुष/२५



भारत सरकारको ब्युरो अफ इण्डियन स्ट्यान्डर्स (बिआईएस)ले गुणस्तर सम्बन्धी इन्डियन स्ट्यान्डर्स इन्स्टिच्युट (आइएसआई) मार्क (सर्टिफिकेट) नवीकरण नगर्दा नेपाली सिमेन्ट निर्यात रोकिएको छ। "समयावधि नसकिँदै हामीले नवीकरणका लागि ३ महिना अगावै निवेदन दिएका थियौं। तर भारतले न नवीकरण गरेको छ न कारण नै खुलाएको छ'', कपिलवस्तुमा उद्योग रहेको बालाजी सिमेन्ट इण्डष्ट्रिज प्रालिका प्रबन्ध निर्देशक रौनक अग्रवालले भन्नुभयो, "हाम्रो सबै प्रयासले काम गरेन। अब, सरकारले यसमा पहल गर्न जरुरी छ।'' अग्रवालले नेपाली सिमेन्टको भारतमा राम्रो मार्केट रहेको तर नवीकरण नहुँदा चिन्ता थपिएको बताउनुभयो। आइएसआई नवीकरण नहुँदा कृष्णनगर नाका हुँदै भारततर्फ निर्यात भैरहेको सम्राट सिमेन्टको निर्यात पनि रोकिएको छ। रुपन्देहीस्थित अर्घाखाँची सिमेन्ट लिमिटेडको निर्यात पनि ठप्प छ। अर्घाखाँचीको गत २०८१ असोज ९ देखि निर्यात रोकिएको हो। अर्घाखाँचीले दुई वर्षमा करिब ५५ करोड रुपैयाँको सिमेन्ट निर्यात गरेको थियो। अर्घाखाँची सिमेन्टका नायब महाप्रबन्धक कृष्णप्रसाद पाण्डेका अनुसार अहिले नवीकरण अभावमा धमाधम उद्योगहरुको निर्यात रोकिएको छ। नवीकरण गरी सहज वातावरण बनाउन सरकारले तत्काल पहल गर्नुपर्ने उहाँको भनाइ छ। विगतका वर्षमा भारतले आइएसआई मार्क नवीकरण गरे पनि यस वर्ष भने अवधि सकिएका कुनै पनि उद्योगहरुको नवीकरण गरेको छैन। अहिले कृष्णनगर नाका हुँदै घोराही सिमेन्ट, रुपन्देहीको बेलहिया नाका हुँदै पाल्पा र सर्वोत्तम सिमेन्टले भारततर्फ सिमेन्ट निर्यात गरिरहेका छन्। तर यी उद्योगको पनि आइएसआई मार्क नवीकरण अवधि केही महिनाभित्रै सकिँदैछ। उद्योगीहरुका अनुसार भारतले यसैगरी नवीकरण नगर्दै जाने हो भने केही समयपछि सबैजसो उद्योगले गर्दै आएको सिमेन्ट निर्यात रोकिनेछ। भारतले गुणस्तर चिन्ह र आयात अनुमती दिएपछि भैरहवा नाकाबाट आर्थिक वर्ष २०७९-८० मा ३१ करोड ६ लाख र २०८०-८१ मा १ अर्ब ६५ करोड ८६ लाख रुपियाँ बराबरको सिमेन्ट निर्यात भएको थियो। चालु वर्षको मङ्सिर मसान्तसम्म ५ महिनाको अवधिमा ४३ करोड ४० लाख रुपियाँको २ लाख ५९ हजार ७२१ टन सिमेन्ट भारततर्फ निर्यात भएको छ। पछिल्लो समय नेपालमा सिमेन्ट खपत कम छ। यस्तोबेला भारतले आइएसआई नवीकरण नगर्दा उद्योगी झन् निरासश बनेका छन्। भारतले केही सिमेन्ट उद्योगलाई २ र केहीलाई १ वर्षका लागि अनुमति दिएको थियो। उद्योगीहरुले सरकारले भारतसँग कूटनीतिक पहल गरेर तत्काल आइएसआई नवीकरणको व्यवस्था मिलाउन आग्रह गरेका छन्। नेपालका चुरेपहाडबाट उत्खनन गरिएको चुनढुङ्गाबाट बनेको सिमेन्ट भारत निर्यात हुँदा यसले उद्योगीसँगै मुलुककै अर्थतन्त्रमा टेवा पुगिरहेको थियो। पछिल्लो समय धमाधम निर्यात रोकिँदा यसले निजी क्षेत्र थप धराशायी हुने चिन्ता उद्योगीको छ। भैरहवा भन्सारका अनुसार बेलहिया हुँदै भारततर्फ निर्यात हुने मुख्य १० वस्तुमा सिमेन्ट र सिमेन्ट क्लिंकर पनि पर्छ। तर पछिल्ला महिनामा केही उद्योगको निर्यात रोकिँदा विस्तारै निर्यात घटिरहेको छ। भैरहवा भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मीले विगतमा निर्यात गरिरहेका उद्योगको निर्यात रोकिनु दुःखद भएको बताउँदै यसमा सबैको पहल जरुरी रहेको बताउनुभयो।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक
भित्ते घडी
यतिमात्र होईन...
साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# घोडाघोडी सिमसार क्षेत्रमा जलपंक्षी गणना

नमस्ते समचारदाता

कञ्चनपुर, पुष/२५



विश्व सिमसार क्षेत्र तथा पहिलो चरा अभय आरण्य क्षेत्र घोडाघोडीमा यस वर्ष हिउँदे जलपंक्षी गणना गरिएको छ । नेपाल पंक्षीविद् सङ्घको अगुवाइमा कोशीदेखि कञ्चनपुर सम्म स्थानीय संयोजक तोकेर जलपंक्षी गणना गरिएको हो । सोही अनुरुप घोडाघोडी सिमसार क्षेत्रमा चरा संरक्षण नेटवर्क कैलालीका अध्यक्ष दयाराम चौधरीले गणना कार्यको संयोजन गरेको जनाइएको छ । मङ्गलबारदेखि गणना सुरु भएको थियो । सिमसार क्षेत्र घोडाघोडी ताल, नगकरोड ताल लगायत वरपरका तालतलैयामा तीनदिन सम्म जलपंक्षी गणना गरिएको जनाउँदै नेटवर्कका अध्यक्ष चौधरीले १ हजार १२३ संख्यामा जलपंक्षीको गणना भएको जनाकारी दिए । उनले गणना समेटिएका चराहरुमध्ये २६ प्रजातिका जलपंक्षी रहेको समेत उल्लेख गरे । चरा संरक्षण नेटवर्कका अध्यक्ष दयाराम चौधरी पहिलो दिन घोडाघोडी ताललाई तीन भागमा छुट्याएर तीन समूहले जलपंक्षी गणना गर्ने कार्य गरेको जानकारी दिए । साथै उनले दोस्रो र तेस्रो दिन घोडाघोडी सिमसार क्षेत्रकै अन्य तालतलैयामा जलपंक्षी गणना कार्य सकेको बताए । घोडाघोडी सिमसार क्षेत्रमा घोडाघोडीताल लगायत २४ वटा तालतलैया छन् । नेटवर्कका अध्यक्ष एवं गणना संयोजक चौधरीले भने, 'सिमसार क्षेत्रमा आश्रित रैथाने र आगन्तुक चराहरुको विवरण, अवस्था पत्ता लगाउन, संख्या अद्यावधिक गर्न, संरक्षणमा स्थानीय समुदाय र सरोकारवाला निकायलाई सहभागी बनाई चेतना अभिवृद्धि गरी संरक्षणमा हातेमालो गर्न हरेक वर्ष सिमसार क्षेत्रको जलपंक्षी गणना गरी सिमसार क्षेत्रमा चराको संख्याको एकीकृत प्रतिवेदन तयार गरिन्छ ।' घोडाघोडीमा ३८२ प्रजातिका चरा रहेको र त्यसमध्ये ७४ प्रजातीका जलपंक्षी रहेको तथ्याङ्कमा उल्लेख छ । जाडो र गर्मी समयमा घोडाघोडीमा चरा गणना हुने गर्दछ । गत वर्ष घोडाघोडी क्षेत्रमा १ हजार २३१ जलपंक्षी गणना हुँदा दुई नयाँ प्रजातिका चरा भेटिएको रेकर्डमा उल्लेख छ । जलपंक्षी गणना संयोजक चौधरीले नेटवर्कका पदाधिकारी सदस्य, विभिन्न सामुदायिक वनका सदस्य, चोरी सिकारी नियन्त्रण दलका सदस्य लगायत संरक्षणकर्मी जलपंक्षी गणनामा सहभागिता रहेको जानकारी दिए ।

# पुल नबन्दा सडक सम्पर्कविहीन

नमस्ते समचारदाता

कालीकोट, पुष/२५



कालीकोट जिल्लाका नौ स्थानीय तहमध्ये चार स्थानीय तह कर्णाली नदीका कारण राष्ट्रिय राजमार्गसँग जोडिन सकेका छैनन् । जिल्लामा दुईतर्फी दुई नदी कर्णाली र तिला बग्ने भएकाले यहाँका चार वटा स्थानीय तह राष्ट्रिय सडकसँग जोडिन नसकेका हुन् । पलाँता गाउँपालिका पूरै कर्णालीपारि हुँदा यहाँका नागरिकले गाउँदेखि सिधै सुर्खेतको यात्रा गर्न पाएका छैनन् भने यस्तै समस्या महाबै गाउँपालिकालाई पनि छ । महाबै गाउँपालिकामा बसोबास गर्ने सबै नागरिक झोलुङ्गे पुलको यात्रा गरेर कर्णाली राजमार्ग पुग्नु पर्छ । तिलागुफा नगरपालिकाभित्रका तीन वडा र पचालझरना गाउँपालिका भित्रका पाँच वटा वडा राष्ट्रिय राजमार्गको पहुँचभन्दा बाहिर छन् । महाबै गाउँपालिकालाई राष्ट्रिय राजमार्गसँग जोड्न पुलको ठेक्का भएको अहिले चार वर्ष पूरा हुँदा पनि अझै काम सुरु भएको छैन । त्यसपछि यहाँ बेलिब्रिज पुल जडान गरिएको छ । पुल जडान भए पनि कडा चट्टान भएकाले सडक खुलाउन अझै केही समय लाग्ने बताइएको छ । उता तिलागुफा नगरपालिका -९, १० र ११ का नागरिकलाई सडक सञ्जालसँग जोड्न भैंसीगौंडामा पक्की पुल निर्माण गरिएको थियो तर २०७९ असोजमा आएको बाढीले पुल सञ्जालनमा नआउँदै बगायो । त्यसयता नगरपालिकाभित्रका तीन वडाका नागरिक निराश छन् । वडा नम्बर १० का वडाध्यक्ष मनबहादुर थापाले १० वर्षको प्रतीक्षापछि पुल निर्माण अन्तिम चरणमा रहेका बेला बाढीले बगाउँदा सडक यात्राको प्रतीक्षा गरिरहेका नागरिक निराश भएको बताउनुभयो । साबिकको चिल्खाया गाउँ विकास समिति तिला नदीभन्दा पारि छ । त्यहाँ जान तिला नदीमा बनेको झोलुङ्गे पुल तर्नु पर्छ । जिल्लाको पलाँता गाउँपालिका पूरै र पचालझरना गाउँपालिकाभित्रका पाँच वडाका नागरिकलाई कर्णाली कोरिडोरसँग जोड्न चार वर्षअगाडि ठेक्का भयो । पचालझरना-५ को जाजरकोटमा पक्की पुल शिलान्यास हुँदा यहाँका नागरिक निकै खुसी थिए । पुल बन्ने भनेर शिलान्यास भएको चार वर्ष बितिसक्दा पनि पुल निर्माणको प्रगति निराशाजनक भएकाले नागरिक निराश छन् । वडा नं. ४ का महेन्द्रा कठायतले २०७७ सालमा ठेक्का सम्झौता भएको तर पुल निर्माणको काम कत्ति नभएको गुनासो गर्नुभयो । पूर्वाधार विकास कार्यालय कालीकोटमार्फत जाजरकोटमा पक्की पुल निर्माणका लागि १३ करोड रुपियाँको लागत प्रतिवेदन तयार भएर श्रीहिराचन क्याराभान सुपरस्टार जेभीले सम्झौता गरेको थियो तर काम नभएको स्थानीयको गुनासो छ । पूर्वाधार विकास कार्यालयका इन्जिनियर लक्ष्मणकुमार पाण्डेले सम्झौतामा जारकोटको पक्की पुल २०७९ सालमा बनिसक्ने उल्लेख भए पनि काम भने २५ प्रतिशत मात्र भएको बताउनुभयो । निर्माण कम्पनीले एक करोड १६ लाख पेस्की लिएर काम अलपत्र पारेको पाण्डेको भनाइ छ । निर्माण मिति सकिएकाले कम्पनीले आगामी चैतमा काम सक्ने भनेर म्याद थपेको भए पनि काम सक्ने सम्भावना नभएको सुनाउनुभयो ।

# स्याउ र ओखरको क्षेत्र विस्तार गरिँदै

नमस्ते समचारदाता

सुर्खेत, पुष/२५



कर्णाली प्रदेश सरकारले स्याउ तथा ओखरको उत्पादन बढाउन क्षेत्र विस्तार गर्न लागेको छ । गुणस्तरीय स्याउ तथा ओखर उत्पादन र बजारीकरणका लागि क्षेत्र विस्तार गर्न लागिएको हो । यस वर्ष प्रदेश सरकारले फलफूल क्षेत्र विस्तार कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । चालु आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटमा समेटेर उक्त योजना अघि सारिएको हो । यो कार्यक्रम नौलो भने होइन । अघिल्ला आवमा पनि सरकारले यो कार्यक्रम कार्यान्वयन गरिरहेको छ । यस वर्ष सात जिल्लामा कार्यक्रम कार्यान्वयन गर्न लागिएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ । साबिक कर्णालीका पाँच जिल्लासहित दैलेख र रुकुमपश्चिममा स्याउ तथा ओखर क्षेत्र विस्तार कार्यक्रम कार्यान्वयन गर्न लागिएको मन्त्रालयका प्रवक्ता धनबहादुर कठायतले बताउनुभयो । जिल्ला कृषि विकास कार्यालयमार्फत कार्यक्रम कार्यान्वयन गरिने छ । प्रत्येक जिल्लामा करिब १०/१० लाखका दरले बजेट विनियोजन गरिएको छ । साबिक कर्णालीका पाँच जिल्लामा स्याउ र ओखर विकास आयोजना सञ्चालन भइहेको छ । दैलेख र रुकुमपश्चिमलाई पनि ओखर उत्पादनका लागि क्षेत्र विस्तार गर्न लागिएको प्रदेश सरकारले जनाएको छ । पछिल्ला वर्षमा किसान अन्नबालीभन्दा फलफूल खेतीतर्फ आकर्षित भएका छन् । बाँझो जमिनलाई उपयोग, कृषकले उत्पादन गर्ने फलफूल खेतीलाई व्यवसायीकरण गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गर्न लागिएको मन्त्रालयका प्रवक्ता कठायतले बताउनुभयो । यो कार्यक्रमबाट कृषकले प्रत्यक्ष लाभ लिने छन् । आवश्यक प्राविधिकको व्यवस्था गरिएको छ । साबिक कर्णालीका कालीकोट, जुम्ला, डोल्पा, हुम्ला, मुगु तथा दैलेख र रुकुमपश्चिममा सो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । सम्भाव्यता अध्ययनका आधारमा परियोजनाका लागि पालिकाहरू छनोट गरिने छ । प्राविधिकले उक्त स्थान फलफूल उत्पादनका लागि उपयुक्त भए/नभएको अध्ययन गर्ने छन् । सोही अध्ययनका आधारमा पालिका छनोट गरिने जनाइएको छ । कार्यक्रम कार्यान्वयनका लागि गत वर्ष पाँच करोड बजेट विनियोजन गरिएको थियो । केही वर्षदेखि यो कार्यक्रमलाई निरन्तरता दिइएको छ भने यस वर्ष प्राविधिकले छनोट गरेका स्थानमा मात्र कार्यान्वयन हुने छ । अघिल्ला वर्षमा अनुमानका आधारमा कार्यक्रम कार्यान्वयन गर्दा लक्ष्य अनुरूपको प्रतिफल आउन सकेको थिएन । कर्णालीका हिमाली जिल्लामा स्याउ तथा पहाडी भेगमा सुन्तला खेती रुचाएको पाइएको छ । प्रदेशमा विगतको तुलनामा हाल फलफूल खेतीको क्षेत्र बढेको मन्त्रालयले जनाएको छ । बजार पाउन सजिलो, नाफामूलक र फलफूलका लागि विभिन्न सरकारी अनुदानका कार्यक्रम राखिएकाले पनि यसतर्फ किसानको आकर्षण बढेको देखिएको छ । सङ्घीय सरकार र प्रदेश सरकारको साझेदारीमा कर्णालीमा 'नाफा परियोजना' कार्यान्वयन गर्न लागिएको छ । स्याउ र सुन्तला जस्ता फलफूल खेतीमा ठुलो लगानी गरेर व्यावसायिक रूपमा गर्ने प्रचलन बढाउन मन्त्रालयले कार्यक्रम अघि सारेको हो । नाफा परियोजनाले पनि फलफूल खेती गर्ने किसानलाई प्रेरित गर्ने छ । साझेदारीमा कार्यक्रम सञ्चालन गर्न लागिएको मन्त्रालयका प्रवक्ता कठायतले बताउनुभयो । क्षेत्र विस्तार कार्यक्रम अन्तर्गत प्रदेश सरकारले रैथाने बाली प्रवर्धन, ब्याज अनुदानका कार्यक्रम, प्राङ्गारिक प्रवर्धन कार्यक्रम राखेको छ । गत वर्ष साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्न एक करोड बजेट विनियोजन गरिएको थियो । यो वर्ष पनि सोही हाराहारीमा बजेट विनियोजन गरिएको छ ।


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके



## नमस्ते कर्णालीमा लेख, रचना पठाउन

namastekarnali2067@gmail.com 9847246903


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके